## परिचय

पारिवारिक निजी वन संघ, नेपाल (Association of Family Forest Owners, Nepal (AFFON) वि.सं. २०७१ फागुन २४ गते स्थापना भई नेपालभरि रहेका पारिवारिक निजी वनमा आधारित व्यक्ति वा परिवारको जमिन र रूखहरूको अधिकारसहितको स्वामित्व सुनिश्चित गर्न स्थापित छाता संगठन हो । पारिवारिक निजी वनमा आधारित व्यक्ति र किसानको अधिकार रक्षा गर्दै नीति निर्माण प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र पहुँच विस्तार गर्दै राज्यले लिएको राष्ट्रिय नारा "समृद्ध नेपाल, सुखी नेपाली" लाई साथ दिने कार्यहरू गर्दछ । AFFON ले आफ्ना साझेदारहरूसँगको सहकार्यमा लोकतान्त्रिक रूपमा पारिवारिक निजी वनको व्यवस्थापन गरी किसानलाई सशक्तीकरण गरिरहेको छ ।

## परिकल्पना

"एक परिवार, एक पारिवारिक निजी वन : समृद्ध नेपाल, हाम्रो अभियान"

## उद्देश्य

पारिवारिक निजी वनको दिगो व्यवस्थापन र समृद्ध नेपाल निर्माणका लागि अधिकारसहितको वन पैदावारमा आत्मनिर्भर र आर्थिक समृद्धिको अभियान सञ्चालन गर्न ।

## लक्ष्य

पारिवारिक निजी वनको जिम्मेवारपूर्ण र दिगो व्यवस्थापनको वकालत गरी पारिवारिक निजी वन किसानहरूको भूमि र वन स्रोतमाथिको अधिकारको सुनिश्चिततासहित काष्ठ र गैरकाष्ठ वन पैदावारको सहज आपूर्ति र आर्थिक रूपान्तरण गर्ने ।

## नतिजा क्षेत्रहरू

१. संगठन विस्तार तथा सुदृढीकरण
२. अधिकारमुखी पैरवी
३. उद्यम विकास तथा समृद्धि
४. दिगो वन व्यवस्थापन
५. सूचना तथा ज्ञान केन्द्र व्यवस्थापन
६. लैंगिक समानता तथ सामाजिक समावेशीकरण
७. सहकार्य तथा संजालीकरण
८. वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकूलन एवं न्यूनीकरण र प्रकोप व्यवस्थापन

## रणनीतिहरू

- देशभित्र विभिन्न तहमा समान चाहना भएका सरोकारवाला संघसंस्थाबीच सञ्जाल निर्माण गरी नीतिगत सवालहरूमा समान धारणा विकास तथा जनमत तयार गरी नीति निर्माणमा परिणाममुखी हस्तक्षेप गरिने ।
- अन्तर्राष्ट्रिय तहमा वन, वातावरण तथा परिवारिक निजी वनसँग सरोकार राख्ने संघसंस्था तथा निकायहरूबीच समन्वय सहकार्य तथा आवश्यकता अनुसार सञ्जाल निर्माण गरी अनुभव तथा सिकाइहरू आदान प्रदानको व्यवस्था गरिने ।
- सांसद राजनैतिक दल, पत्रकार लगायतका संघ संस्था तथा व्यक्तिहरूसँग विभिन्न तहमा समन्वय तथा सहकार्य गरी समान धारणा र जनमत सृजना गदै पारिवारिक निजी वन किसानमैत्री नीति बनाउन प्रभावकारी भूमिका खेलिने छ ।
- सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूको समन्वय र सहकार्यमा संघका पदाधिकारी, केन्द्रिय सदस्यहरू, प्रदेश, जिल्ला तथा स्थानीय तहका नेतृत्व तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यहरू सञ्चालन गरिने ।
- पारिवारिक निजी वनले वातावरण क्षेत्रमा गरेको योगदानको लेखाजोखा गरी वातावरण सेवा भुक्तानीको लागि नीतिगत सहकार्य गरिने ।
- स्थानीय सरकार र सरकारवालासँगको समन्वय र सहकार्यमा संघको जिल्ला तथा स्थानीय संरचना विस्तार, कार्यक्रमलाई व्यवस्थित गरिने ।
- स्थानीय साधन र स्रोतहरूको परिचालन गरेर संस्थागत विकासका पूर्वाधारको व्यवस्थापन गरिने ।
- स्थायी श्रोत तथा सहयोगी निकायहरूको समन्वयमा स्थानीय सहजकर्ता परिचालन गरी किसानहरूको व्यावसायिक तथा पैरवी क्षमता अभिवृद्धि गरिने ।
- संघका स्थानीय, जिल्ला, प्रदेश तथा संघीय पदाधिकारीहरूबीच समन्वय र सहकार्य गर्दै अभियानकर्मीहरूको नेतृत्व विकास गरिने ।
- संघको संस्थागत विकासका लागि सरकारी गैह्रसरकारी, राष्ट्रिय अन्तर्राष्ट्रिय सहयोगी संघ संस्थाहरूसँग सहकार्य गरिने ।
- पारिवारिक निजी वनको संरक्षण, सम्बर्द्धन, उपयोग तथा बिक्री वितरणमा किसानहरूको पूर्ण अधिकार स्थापित गराउन नीति, ऐन, नियमावली तथा मार्गनिर्देशन निर्माणमा नीतिनिर्माता तथा सरोकावालाहरूसँग आधिकारिक संवाद गरिने ।
- सरोकारवाला संघसंस्था र सरकारी निकायहरूसँग समन्वय र सहकार्य गरेर किसानमैत्री नीति नियम बनाउन पहल गरिने ।
- बैंकिङ्ग तथा वित्तीय संस्थाहरू, निजी क्षेत्रसँगको समन्वय र सहकार्य मा अभिवृद्धि गरी उद्यम तथा व्यावसाय स्थापना तथा प्रवर्धन गरिने ।
- पारीवारिक निजी वन क्षेत्रले राष्ट्रिय रूपमा पुयाएको अर्थिक योगदान तथा रोजगारीको क्षेत्रमा गरेको योगदानको लेखाजोखा गरिने ।
- परिवारीक निजी वन तथा वातावरण तथा जैविक विविधता संरक्षण र खाद्य संरक्षणमा गरेको योगदानका बारेमा शिक्षामूलक सामग्री बनाएर प्रचार प्रसार गरिने ।
- कृषि वन व्यावसायका लागि सरकार, निजी क्षेत्र तथा सहयोगी निकायहरूको समन्वय र सहकार्यमा कार्यक्रम गरिने ।
- खेर गइरहेको निजी, आवादी जमीनमा हरियाली बनाउन छिटो छरितो बढ्ने विरूवाहरूको वृक्षारोपण अभियान संचालन गरी जलवायु परिवर्तनका असरको अनुकुलन र न्यूनीकरणमा सहयोग पुन्याइने ।
- पारिवारिक निजी वनले वातावरण क्षेत्रमा गरेको योगदानको लेखाजोखा गरी वातावरण सेवा भुक्तानीको लागि नीतिगत सहकार्य गरिने गरी अभियान सञ्चालन गरिने ।
- संघका विषयमा संगठनका गतिविधिहरू तथा सवालगत अभियानहरूको अभिलेखीकरण गरी जानकारीको लागि सम्प्रेषण गरिने ।
- पारिवारिक निजी वनसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नका लागि विद्यावारिधि तथा अन्य अनुसन्धानकर्ताका लागि सहज वातावरण बनाइने ।
- संघका पैरवी अभियान तथा गतिविधिहरूलाई इलेक्ट्रोनिक अभिलेखीकरण तयार गरी इमेल तथा इन्टरनेटका नेटवर्कमा राखेर अनुसन्धानकर्ता, जिज्ञासु सबैलाई सर्वसुलभ बनाउने ।
- संगठनका तथ्यांक तथा गतिविधिहरूलाई अभिलेखीकरण गरी प्रचार-प्रसार गर्ने ।
- लैङ्गिक समता र सामाजिक समावेशीकरण नीति तथा रणनीति बनाई कार्यान्वयन गरिने ।
- संघलाई सुशासित पादर्शी तथा जवाफदेही बनाउँदै लोकतान्त्रिक विधि पद्धतिलाई सुदृढीकरण गरिने ।
- अवसरहरूको न्यायोचित वितरणका लागि उचित मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने ।
- संघले कार्यक्रमहरू निर्माण गर्दा विपन्न, दलित जनजाती तथा महिलाहरूको सहभागिता तथा पहुँचलाई सुनिश्चित गरिने ।
- सामाजिक न्याय स्थापना र सुशासन सुदृढीकरणका लागि राष्ट्रिय अभियान संचालन गरिने ।

## उद्देश्यहरू

- संघको सागठानिक संरचनाहरूको विस्तार तथा संस्थागत रूपमा किसानहरूको आवद्धता वृद्धि गरी संघलाई सुदृढ बनाउने ।
- संघका सांगठनिक संरचानहरू बिच कार्यगत सम्बन्धहरूलाई चलायमान र व्यवस्थित बनाउँदै संघलाई चुस्त,दुरूस्त रूपबाट व्यवस्थापन गर्ने ।
- आन्तरिक तथा वाह्य स्रोतहरूको परिचालन गरेर संघका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको व्यावसायिक सीप र क्षमताको अभिवृद्धि गर्ने ।
- पैरवी रणनीतिको आधारमा सवालहरूको पहिचानगरी पैरवी योजानाहरू तयार तथा कार्यान्वयन गर्ने ।
- परिवारिक निजी वनको दिगो व्यवस्थापन गर्दै पर्यापर्यटन विकास, लघु उद्यम लगायत अन्य वन उद्यम प्रवर्द्धनमा टेवा पुन्याउँदै हरित रोजगार सृजना तथा राष्टिय समृद्धिको अभियानमा सहयोग गर्ने ।
- पैरवी अभियानका अनुभव, सिकाईहरू र प्राप्त उपलब्धिहरूको समीक्षा तथा अभिलेखीकरण गरी पैरवी अभियानहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।
- पारिवारिक निजी संघका पदाधिकारी तथा सदस्यहरूको अधिकारमुखी पैरवी क्षमता अभिवृद्धि गरिने ।
- वृक्षरोपण तथा प्राविधिको प्रयोग गरी पानी मुहान संरक्षण तथा भूक्षयका जोखिम न्यूनीकरण गर्ने ।
- सार्वजनिक सञ्चारहरूसँग प्रभावकारी समन्वय गरी पैरवी अभियानलाई प्रभावकारी बनाउने ।
- अनुसन्धान तथा सूचनामूलक व्यवस्थित राष्ट्रिय स्तरको ज्ञानकेन्द स्थापना गर्ने
- आन्तरिक र बाहय सूचनाहरूको अद्यावधिक तथा संप्रेषण गर्ने
- निजी वन र कृषिको एकीकृत व्यवस्थापन गरेर किसानहरूको खाद्य सुरक्षा बढाउने गरी नमुना कृषि वनहरू स्थापना गर्ने ।
- पारिवारिक निजी आवादी जग्गा जमीनहरूमा बहुउपयोगी रूख, विरूवाहरू रोपणगरी हरियाली वृद्धि गर्ने ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मान्य मान्यताहरूलाई सांगठनिक विधि र प्रक्रियाहरूमा आन्तरीकरण गर्दै महिला, जनजाति तथा पछाडि पारिएका समुदायहरूको नेतृत्व विकास तथा सामाजिक न्यायका अभियानहरू सञ्चालन गर्ने ।
- संघका सबै संरचनाहरूबाट संचालन हुने कार्यक्रम तथा क्रियकलापहरू सुशासित तथा जवाफदेही बनाउने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थासँगको समन्वय, सहकार्य र सझेदारीलाई सुदृढीकरण गर्दै किसानमैत्री नीति, नियम निर्माणका लागि अभियानहरू सञ्चालन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालासँग समन्वय र सहकार्य गरेर अनुभव तथा सिकाइहरू आदान प्रदान गर्ने ।
- जैविक विविधता संरक्षण तथा प्रकोप व्यवस्थापनका अभियानहरू सञ्चालन गर्दै यस सम्बनधमा अध्ययन तथा अनुसन्धानहरू गर्ने ।
- जलवायु परिवर्तन र यससम्बन्धी सन्धि तथा महासन्धिहरूका बारेमा पारिवारिक निजी वन किसानलाई जानकारी गराउँदै सशक्त रूपमा आफ्नो अधिकारको लागि सचेत बनाउने ।
- पारिवारिक निजी वनले जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकलनमा पुऱ्याएको योगदान तथा वातावरणीय सेवाको भुक्तानी सम्बन्धी नीति निर्माणको निमित्त नेपाल सरकारसँग पैरवी गर्ने ।

## विगतका परियोजना

- संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (UN Food and Agricultural Organization-UNFAO) को सहयोगमा कृषि वन सहज कार्यक्रम (Forest Farm Facility (FFF), २०१७-२०२१
- बहुसरोकारवाला वन कार्यक्रम (Multi-stakeholders Forestry Program), (२०१६)
- केयर नेपाल (CARE Nepal), २०१६
- डब्लू.डब्लू.एफद्वारा सञ्चालित तीन महत्वपूर्ण जैविक-विविधता भएका कोरिडोरमा जैविक विविधता सुदृढीकरण र कृषि वनको विकासका लागि वृक्षरोपण अभियान (Plantation Campaign to promote Agro Forestry and Improved Bio–diversity in Three important Bio-diversity Corridors) (२०१८-२०१९)

## सञ्चालनमा रहेका परियोजना

- Danish Forestry Extension को सहकार्यमा लोकतान्त्रिक रूपमा प्राकृतिक स्रोत व्यवस्थापनबाट सामुदायिक सशक्तीकरण (२०१६-२०२२)
- वनस्रोतका माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण- IDRC (२०२१-२०२३)
- Enhancing Private Sectors' Engagement in Climate Change Resilience Building Business and NAP Implementation- UNEP (2021-2022)
- संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (UN Food and Agricultural Organization-UNFAO) को सहयोगमा कृषि वन सहज कार्यक्रम (Forest Farm Facility (FFF), २०२२

## राष्ट्रिय र अन्तर्राष्ट्रिय सहकार्य

- वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार (रेड कार्यान्वयन केन्द्रसमेत)
- अन्तर्राष्ट्रिय पारिवारिक निजी वन अलायन्सको सदस्य
- अन्तर्राष्ट्रिय हिमाल साझेदारी कार्यक्रमको सदस्य
- डेनिस वन प्रसार
- डब्लू.डब्लू.एफ.
- संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन
- प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संगठन (आई.यु.सी.एन.)
- केयर नेपाल
- बहु-सरोकारवाला वन कार्यक्रम
- ब्रिटिश काउन्सिल


## पारिवारिक निजी वन संघ, नेपालको कार्य दस्तावेज

- पारिवारिक निजी वन संघको विधान
- आर्थिक प्रशासन नियमावली
- मानव स्रोत तथा कार्यालय व्यवस्थापन नीति
- पारिवारिक निजी वन संघको पञ्चवर्षीय रणनीतिक योजना
- पारिवारिक निजी वन संघको अवधारणा-पत्र (माग-पत्र)
- सञ्चार रणनीति
- सुशासन नीति
- लैंगिक समानता र सामाजिक समावेशीकरण नीति
- पारिवारिक निजी वन संघको राष्ट्रिय परिषद्को घोषणा-पत्र
- पारिवारिक निजी वन संघको प्रथम राष्ट्रिय महिला सम्मेलन काठमाडौंको घोषणा-पत्र
- आपतकालीन योजना
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## अध्ययन/अनुसन्धान

- नेपालमा पारिवारिक निजी वनको अवसर र चुनौती
- संघीय स्तरमा वन नीतिको विश्लेषण
- राष्ट्रिय वन विधेयक, २०७५ को विश्लेषण
- उत्तिसको Value-Chain विश्लेषण
- पारिवारिक निजी वनको जैविक विविधतामा भूमिका

## पारिवारिक निजी वन संघ, नेपालको भावी गन्तव्य




**एक परिवार एक पारिवारिक निजी वन, समृद्ध नेपाल हाम्रो अभियान**



# पारिवारिक निजी वन संघ, नेपाल (एफोन)

## Association of Family Forest Owners, Nepal (AFFON)

**केन्द्रीय कार्यालय शान्तिनगर, काठमाडौं, नेपाल**
**फोन : ०१-४६२१४००**
Website: www.familyforestnepal.org
Email: info@familyforestnepal.org
Facebook: Familyforest Nepal